annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ३, पृष्ठ ८ | काठमाडौं, आइतबार २० वैशाख २०८३ | जेष्ठ कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४६ | SUNDAY, MAY 3, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# सम्पत्ति छानबिन : विदेशका खाता पनि खोतलिने




झन्डै १९ वर्षदेखि शक्ति र सत्ताको रजगज गरी अकुत कमाएकाहरूको सम्पत्ति छानबिन गर्न सरकारले आयोग गठन गरेको छ। विदेशमा लुकाइएका सम्पत्तिदेखि आफन्तका नाममा राखिएका सम्पत्तिको समेत आयोगले छानबिन गर्ने कार्यादेश पाएको छ। आयोगले समयमै काम सम्पन्न गरे राज्यको ढुकुटी त बलियो बन्ने नै छ, मुलुकमा सुशासन र पारदर्शी शासन प्रणालीको पनि जग बस्नेछ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

विस्तृत पृष्ठ २

# १,५९४ एकैपटक पदमुक्त

## सरकारी नियुक्ति लिएकालाई स्वेच्छाले राजीनामा दिन भनिए पनि नछाडेपछि १ सय १० वटा कानुनलाई परिमार्जन गर्दै एकमुष्ठ नियुक्ति बदर गरिएको छ।

**अन्नपूर्ण** | *काठमाडौं*

राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' जारी गरेका छन्। अध्यादेश राजपत्रमा प्रकाशित भएसँगै एकैपटक १५ सयभन्दा बढी पदमुक्त हुनेछन्।

वालेन्द्र शाह नेतृत्वमा सरकार गठनलगत्तै राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारी नियुक्ति लिएकालाई स्वेच्छाले राजीनामा दिन आह्वान गरे पनि एकाध बाहेकले नछाडेपछि सरकारले १ सय १० वटा विद्यमान कानुनहरूलाई परिमार्जन गर्दै एकमुष्ठ १ हजार ५ सय ९४ जनाको नियुक्ति बदर गरिदिएको हो।

'यस नयाँ कानुनी व्यवस्थाले विभिन्न १ सय १० वटा विद्यमान कानुनहरूलाई परिमार्जन गर्नेछ,' कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय स्रोत भन्छ, 'अब विभिन्न नियामक निकाय, सार्वजनिक संस्था र राज्यका अन्य संयन्त्रमा कार्यरत १ हजार ५ सय ९४ सार्वजनिक पदाधिकारीहरू एकमुष्ट पदमुक्त हुनेछन्।'

उच्च सरकारी स्रोतका अनुसार यो अध्यादेशमार्फत राजनीतिक प्रकृतिका नियुक्तिहरूलाई टुंग्याउन र पदमुक्त गर्ने विशेष व्यवस्था थपिएको छ। १ सय १० वटा कानुन संशोधन हुँदा ती कानुनअन्तर्गत नियुक्त भएका पदाधिकारीहरूको पदावधि स्वत: सकिनेछ।




राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा देहायका अध्यादेशहरू जारी गर्नु भएको छः

| क्र.सं. | अध्यादेशको नाम | जारी भएको मिति |
|---|---|---|
| १. | स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ | २०८३/०१/१९ |
| २. | सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ | २०८३/०१/१९ |
| ३. | विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ | २०८३/०१/१९ |

२०८३ साल वैशाख १९ गते शनिबार ।
ने.सं. ११४६ बछलागाः प्रतिपदा ।

**को–को भए पदमुक्त ?**

नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम नियुक्त अध्यक्ष, उपाध्यक्ष, सञ्चालक र महाप्रबन्धकसहित सात जना पदाधिकारीहरू पदमुक्त हुने भएका छन्। राष्ट्रिय समाचार समिति ऐन, २०१९ अन्तर्गतका दुई जना सञ्चालक र गोरखापत्र संस्थान ऐन, २०१९ बमोजिमका अध्यक्ष तथा सञ्चालक गरी तीन जनाको पद रिक्त हुने भएको छ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ अन्तर्गत चलचित्र जाँच समितिका अध्यक्ष र सदस्य गरी ३ जना तथा सञ्चार संस्थान ऐन, २०२८ बमोजिम नियुक्त अध्यक्ष र सञ्चालक गरी दुई जना पदमुक्त हुने भएका छन्।

प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम मनोनीत अध्यक्ष र सदस्यहरू गरी १० जना तथा श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ अन्तर्गत नियुक्त अध्यक्ष र सदस्य गरी ६ जनाको पद जाने भएको छ।

दूरसञ्चार ऐन, २०५३ बमोजिम नियुक्त प्राधिकरणका अध्यक्ष र सदस्य गरी ५ जना तथा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिमका ४ जना सदस्यहरू पदमुक्त हुने भएका छन्।

विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम सूचना प्रविधि न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणका ६ जना पदाधिकारी तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गतका प्रमुख सूचना आयुक्त र सूचना आयुक्त गरी ३ जनाको पद रिक्त हुनेछ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी ६ जना, सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ अन्तर्गत नियुक्त तीन जना र सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ बमोजिमका अध्यक्ष र सदस्य गरी १५ जना पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

शिक्षा ऐन, २०२८ अन्तर्गतका विभिन्न समिति र शिक्षक सेवा आयोगका अध्यक्ष तथा सदस्य गरी २३ जना पदमुक्त हुने भएका छन्। नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित २८ जना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ अन्तर्गतका १७ जना पदाधिकारीको पद रिक्त हुने भएको छ। राष्ट्रिय युवापरिषद् ऐन, २०७२ अन्तर्गत नियुक्त ३४ जना पदाधिकारी पदमुक्त हुने भएका छन्।

काठमाडौं विश्वविद्यालय ऐन, २०४८ बमोजिम नियुक्त उपकुलपति र कुलसचिवलगायत २५ जना तथा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित ८४ जना पदाधिकारीहरू पदमुक्त हुने भएका छन्। विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी ८ जना तथा पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० अन्तर्गत नियुक्त उपकुलपति र कुलसचिवलगायत ६९ जना पदाधिकारीको पद जाने भएको छ।

पोखरा विश्वविद्यालय ऐन, २०५३ बमोजिम नियुक्त उपकुलपति र शैक्षिक प्रमुखसहित ५० जना तथा लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ बमोजिम नियुक्त उपकुलपति र कुल सचिवलगायत ४४ जना पदमुक्त हुने भएका छन्।

सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त २७ जना र मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ बमोजिम नियुक्त २६ जना पदाधिकारीको पद रिक्त हुने भएको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त २२ जना, नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ बमोजिम नियुक्त २४ जना, राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४ अन्तर्गत नियुक्त ३९ जना र मदन भण्डारी विश्वविद्यालय ऐन, २०७९ बमोजिम नियुक्त २४ जना पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

आयुर्वेद चिकित्सापरिषद् ऐन, २०४५ बमोजिम नियुक्त कुलसचिव र सदस्य गरी ६ जना तथा नेपाल स्वास्थ्य अनुसन्धानपरिषद् ऐन, २०४७ बमोजिमका ९ जना पदाधिकारी पदमुक्त हुने भएका छन्। पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ अन्तर्गत नियुक्त पाँच जना पदमुक्त हुने भएका छन्।

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत नियुक्त उपकुलपतिलगायत १५ जना तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ बमोजिमका ५ जना सदस्यको पद रिक्त हुने भएको छ।

नेपाल नर्सिङपरिषद् ऐन, २०५२ अन्तर्गत नियुक्त ८ जना र नेपाल स्वास्थ्य व्यवसायीपरिषद् ऐन, २०५३ बमोजिम नियुक्त ५ जना पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत नियुक्त १० जना र सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ बमोजिम नियुक्त ८ जनाको पद जाने भएको छ। नेपाल फार्मेसीपरिषद् ऐन, २०५७ अन्तर्गत नियुक्त ७ जना र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ बमोजिम नियुक्त २२ जना पदाधिकारी पदमुक्त हुने भएका छन्।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत नियुक्त ३३ जना र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ बमोजिम नियुक्त ३४ जना पदाधिकारीको पद रिक्त हुने भएको छ। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ अन्तर्गत नियुक्त ३१ जना र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम नियुक्त ३१ जना पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

बाँकी पृष्ठ ६

# सडक प्रदर्शनमा निस्किए धरानका सुकुम्बासी




### राज्य आतंक बन्द नगरिए कडा आन्दोलन गर्ने चेतावनी

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

सरकारले देशभरका सुकुम्बासी बस्तीहरूमा डोजर चलाएर खाली गराउने अभियान सुरु गरेपछि सुनसरीको धरान उपमहानगरपालिकामा सुकुम्बासीहरूले विशाल प्रदर्शन गरेका छन्। आफ्ना बासस्थान जोगाउन माग गर्दै हजारौं सुकुम्बासीहरू सडकमा उत्रिएपछि धरानको मुख्य बजार क्षेत्र दिनभर तनावग्रस्त बनेको थियो।

प्रदर्शनकारीहरू छाता चोकमा भेला भई सरकारविरुद्ध चर्का नाराबाजी गर्दै विरोध जनाएका थिए। विभिन्न नारा लेखिएका प्लेकार्ड बोकेर उत्रिएका उनीहरूले 'बालेन तेरो पाराले, दुःख पाए साराले', 'संविधानअनुसार सबैलाई बाँच्न दे,' 'राज्य आतंक बन्द गर' जस्ता नारा लगाएका थिए।

प्रदर्शनमा सहभागीहरूले आफूहरूलाई उचित विकल्प नदिई बल प्रयोग गरेर बस्ती हटाउने कार्य अन्यायपूर्ण भएको बताएका छन्। उनीहरूले लामो समयदेखि बसोबास गर्दै आएको स्थानबाट विस्थापित गर्न खोज्नु मानव अधिकारको उल्लंघन भएको भन्दै तत्काल यस्तो अभियान रोक्न सरकारसँग माग गरेका छन्। नेपाल बसोबास बस्ती संरक्षण समाज धरानका अध्यक्ष सुवास थुलुङ राईको नेतृत्वमा आयोजना गरिएको उक्त आन्दोलनमा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूको समेत सहभागिता देखिएको थियो।

नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाल कम्युनिस्ट पार्टीका स्थानीय नेताहरूले सुकुम्बासीहरूको मागप्रति समर्थन जनाउँदै प्रदर्शनमा साथ दिएका थिए।

बाँकी पृष्ठ ६

## अमानवीय र क्रूर : नागरिक समाज

काठमाडौं उपत्यकालगायत देशका विभिन्न स्थानमा सुकुम्बासी बस्ती हटाउने नाममा राज्यले गरेको दमनप्रति नागरिक समाजले आपत्ति जनाएको छ।

वैशाख १२ देखि सुरु गरिएको सुकुम्बासी विस्थापन कार्यले नेपालको संविधान २०७२ ले प्रदत्त गरेका मौलिक हकहरूको ठाडो उल्लंघन गरेको भन्दै ५४ जना नागरिक अगुवाहरूले संयुक्त विज्ञप्ति जारी गरेका छन्। सर्वोच्च अदालतले 'उचित र वैकल्पिक व्यवस्था नगरी विस्थापन नगर्नू' भनी दिएको आदेशको समेत राज्यले खुला अवज्ञा गरेको उनीहरूले आरोप लगाएका छन्। विज्ञप्तिमा सरकारको सुकुम्बासी हटाउने कामलाई अमानवीय र क्रूर भनिएको छ। कुनै पूर्वसूचना वा संवाद नगरी नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको प्रयोग गरेर आतंकपूर्ण तरिकाले नागरिकहरूलाई विस्थापन गरिएको भन्दै नागरिक समाजले आपत्ति जनाएको छ।